अनुसूची-१०

(सरकारी सम्पती तथा जिन्सी मालसामान बिक्री सम्बन्धी कार्यबिधि,२०७९ दफा ९(२) सँग सम्बन्धित)

नेपाल सरकार

गृह मन्त्रालय

नेपाल प्रहरी प्रधान कार्यालय

(प्रशासन विभाग)

(भण्डार शाखा)

फोन: ०१-४४१३८१३

०१-४४११२१०

Ext: २६६,२६७,२६८

पो.ब.नं.: ४०७

नक्साल काठमाण्डौ

पत्र संख्या: २०८३/०८४

प्रा.प.सं.:

सुचना नं.:-०१-०८३/०८४

मिति: २०८३ मंसिर०३ गते।

ने.सं.११४६

विषय :- **सूचना प्रकाशन गरिएको सम्बन्धमा।**

प्रथम पटक प्रकाशित मिति:- २०८३ मंसिर०३ गते।

प्रस्तुत विषयमा नेपाल प्रहरी प्रधान कार्यालयमा रहेका पुराना कागजात धुल्याउने प्रयोजनका लागि सरकारी कागजातहरु धुल्याउने नियम, २०२७ को नियम ६ बमोजिम स्वरुप परिवर्तन गरी धुल्याई प्रयोग गर्न दिने प्रयोजनार्थ खरिद गरी, धुल्याई, स्वरुप परिवर्तन गरी, प्रयोग गर्न आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ (संशोधन सहित) दफा ४५ तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ (संशोधन सहित) नियम १०६ बमोजिम बिक्री गर्नु पर्ने भएकोले नियम १०७ बमोजिम मूल्याङकन समितिबाट जिन्सी सामानको मूल्याङकन प्रतिबेदन तयार गरि नियम १०८ को उपनियम १ बमोजिम सूचना प्रकाशन गरिएककोले ईच्छुक फर्म/कम्पनी तथा संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस कार्यालयमा सम्पर्क राखि लिलाम सम्बन्धी बोलपत्र फारमहरू भरी यस कार्यालयमा प्राप्त हुने गरी खरिद गर्न सक्ने प्रति इकाई (के.जि.) मूल्य खुलाई आवश्यक कागजातहरु पेस गर्नु हुन अनुरोध गरिएको छ।

निम्न:-

- **मालसामानको विवरण:-**धुल्याउनु पर्ने कागजातहरू।
- **अनुमानित तौल:-** २५,३७,७२४(पच्चिस लाख सैतिस हजार सात सय चौबिस) पाना बराबर हुने अनुमानित तौल १२६३८ के.जि.।
- **न्यूनतम मुल्य:-** प्रति ईकाई(के.जी.) ने रू १८ (अठार रूपैया मात्र) को दरले हुन आउने अनुमानित न्यूनतम कुल जम्मा रू.२,२७,४८४।-
- **मालसामानको लिलाम हुने मिति/स्थान:-** २०८३/०८ /१० गते १४:०० बजे नेपाल प्रहरी प्रधान कार्यालय प्रशासन बिभाग,भण्डार शाखा।
- **अन्य:-**कागजातको स्वरूप परिवर्तन गरि धुल्याई त्यसबाट प्राप्त हुने कच्चा पदार्थ मात्र प्रयोग गर्न पाउने।

साथै लिलाम सम्बन्धी बोलपत्र फारम खरिद गर्न आउदा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ (संशोधन सहित) नियम १०८ को उपनियम ५ को (क) बमोजिमको रू.१०००(एक हजार) राजश्व नेपाल प्रहरी प्रधान कार्यालयको कार्यालय कोड ३१४०४३५१२ को राजश्व शिर्षक नम्बर १४२२९ मा जम्मा गरी सो को भर्पाई लिई आउनु पर्नेछ।

शाखा अधिकारी

मिन बहादुर कुँवर क्षेत्री

(प्रहरी नायव उपरीक्षक)